# गण्डकी प्रदेशमा नवीकरणीय ऊर्जा प्रवर्द्धन र विकासको लागि

## नेपाल सरकार

## ऊर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालय

## वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## र

## प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय,गण्डकी प्रदेश

## बीच भएको

## समझदारी पत्र

२०७६

यो समझदारी पत्र नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र ललितपुर (यसपछि "केन्द्र" भनिएको) र प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय,गण्डकी प्रदेश (यसपछि "मन्त्रालय" भनिएको) बीच भएको हो । यसपछि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र भौतिक पूर्वाधार विकास मन्त्रालयलाई संयुक्त रुपमा "पक्षहरु" भनिएको छ ।

केन्द्र नवीकरणीय ऊर्जा प्रवर्द्धन तथा विकास गर्नका लागि स्थापना गरिएको सरकारी निकाय हो भने भौतिक पूर्वाधार विकास मन्त्रालय भौतिक पूर्वाधार सम्बन्धी विकासका कार्य गर्ने प्रदेश सरकारको निकाय (मन्त्रालय) हो । प्रदेश स्तरमा ऊर्जाको माग र आपूर्ति ब्यवस्थापनका लागि ऊर्जा परियोजनाहरुको विकास र विस्तार गर्नु गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयको एक महत्वपूर्ण जिम्मेवारी रहेको छ ।

केन्द्रले नवीकरणीय ऊर्जाका कार्यक्रम कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोगका साथै सम्वन्धित सरोकारवालाहरुको क्षमता अभिवृद्धि, अनुदानको व्यवस्थापन तथा परिचालन समेत गर्दै आएको छ । साथै, केन्द्रले नवीकरणीय ऊर्जा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक संस्था, निजी क्षेत्र र गैह्रसरकारी संस्थाहरुसंग साझेदारी गरी ऊर्जाको सुलभ र भरपर्दो उपलब्धताको माध्यमबाट आयआर्जन गर्न गराउन प्रभावकारी भूमिका निर्वाह गर्दछ ।

मन्त्रालयले आफनो प्रदेश अन्तर्गतका नागरिकलाई समान रुपमा राज्यको आधारभूत सेवामा सहज पहुँच पुऱ्याउने उद्धेश्यका साथ सबै प्रकारका भौतिक पूर्वाधारहरुको विकास गर्न प्रतिबद्ध छ । साथै मन्त्रालयले आफनो प्रदेश अन्तर्गतका सबै नागरिकले आधुनिक ऊर्जा प्राप्त गर्न पाउनु उनीहरुको न्यूनतम अधिकार हो भन्ने कुरालाई आत्मसात गरी प्रदेश अन्तर्गतका सबै घरधुरीमा आधुनिक ऊर्जा पुऱ्याउन प्रतिबद्ध रहेको छ ।

केन्द्रले नवीकरणीय ऊर्जाका कार्यक्रम देशका दुर दराजमा बस्ने गरीब तथा पिछडिएका समुदायमा पुर्याउन जोड दिदै आएको छ । केन्द्रले मागमा आधारित कार्यक्रम कार्यन्वयन गर्ने प्रकृया अवलम्बन गरी नवीकरणीय ऊर्जा प्रविधि प्रयोग गर्न चाहने उपभोक्ताहरुको प्रविधि छनौट र प्रविधि जडान प्रकृयामा महत्वपूर्ण भूमिका हुने कुरामा जोड दिनुका साथै सबै तह र प्रकृयामा लैगिंक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई आत्मासात गरेको छ ।

घोषित लक्ष्य प्राप्तिका लागि पक्षहरु देहायका कार्य गर्न मञ्जुर छन् ।

## परिच्छेद-१
## प्रस्तावना

१. ऊर्जा मानिसको जीवन निर्वाहको लागि चाहिने एक अपरिहार्य साधन हो र यो आर्थिक तथा सामाजिक विकासका लागि चाहिने पूर्वशर्त समेत हो भन्ने कुरामा पक्षहरु सहमत छन् । नेपालका ग्रामीण भेगमा बस्ने अधिकांश नेपाली अझै पनि स्वच्छ ऊर्जा प्रयोग गर्नबाट वन्चित छन । साथै आजको आधुनिक



भौतिक पूर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

सचिव

नेपाल सरकार जलस्रोत तथा सिंचाई मन्त्रालय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

ऊर्जाका स्रोतहरु (जस्तो: विद्युत, खनिज ईन्धन आदि) समेत ग्रामीण भेगका निकै कम नागरिकको पहुँचमा छ । यसको वावजुद वैकल्पिक ऊर्जाका स्रोतहरु (जस्तो: लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायोग्यास, जैविकऊर्जा, वायु ऊर्जा आदि) को प्रशस्त संभावना छ, यद्यपि ग्रामीण क्षेत्रमा बसोवास गर्ने बिपन्न घरधुरीहरुमा यसको सेवा बिस्तार गर्ने कार्य केही चुनौती पूर्ण रहदै आएको छ । तथापि दिगो विकासका लक्ष्य पुरा गर्न ग्रामीण क्षेत्रका बिपन्न जनतामा आधुनिक ऊर्जाको भरपर्दो सेवा विस्तार गर्न आवश्यक छ भन्ने कुरामा पक्षहरु सहमत छन् ।

२. यो समझदारी पत्रले गण्डकी प्रदेशमा वैकल्पिक ऊर्जाका प्रविधिहरुको विकास तथा बिस्तार गरी ग्रामीण जनतामा आधुनिक ऊर्जाको पहुँच पुऱ्याई २ वर्ष भित्रमा उज्यालो प्रदेश निर्माण गर्ने प्रदेश सरकारको घोषित लक्ष्य पूरा गरी गरिवी निवारण गर्ने गतिविधिमा टेवा पुर्याउन र भविष्यमा पक्षहरु बीचको संस्थागत सहकार्यका लागि मार्ग प्रशस्त गर्दछन् ।

३. पक्षहरु नवीकरणीय ऊर्जाका कार्यत्रम सञ्चालनका लागि ग्रामीण तथा बजार क्षेत्रमा ऊर्जाको विस्तार, लघु उद्योग स्थापना र साना पूर्वाधार निर्माणको माध्यमबाट समेत ग्रामीण भेगमा व्याप्त उर्जाको अभाव कम गर्न दीर्घकालिन कार्यक्रमका लागि समेत साझेदार बन्न सहमत छन् ।

## परिच्छेद-२
## वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको भूमिका

४. केन्द्रले नवीकरणीय ऊर्जा सम्वन्धी आवश्यक नीति, कार्यविधि तथा रणनीति निर्माण गर्न आवश्यक सहयोग गर्नेछ ।

५. केन्द्रले नवीकरणीय ऊर्जाका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक प्रशासनिक तथा प्राविधिक सहयोगका साथै भौतिक पूर्वाधार विकास मन्त्रालयको क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्नेछ ।

६. केन्द्रले नवीकरणीय ऊर्जा सम्वन्धी गण्डकी प्रदेशको दीर्घकालीन रणनीति तयार गर्न आवश्यक सहयोग गर्नेछ ।

७. केन्द्रले प्रदेश स्तरीय नवीकरणीय ऊर्जा सम्वन्धी डाटावेश तयार गर्न सहयोग गर्नेछ । साथै प्रदेशको योजना तर्जुमा हुंदा विकास र सामाजिक न्याय सम्वन्धी सम्भव भएसम्मका आवश्यक सूचना उपलब्ध गराउनेछ ।

८. केन्द्रले नवीकरणीय ऊर्जामा कर्जा प्रवाहका लागि केन्द्रीय नवीकरणीय ऊर्जा कोष मार्फत आवश्यक व्यवस्था गर्न सहयोग गर्नेछ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

९. केन्द्रले नवीकरणीय ऊर्जा सम्वन्धी जनचेतना र विकास सम्वन्धी वजार व्यवस्थापन र अनुगमन तथा मूल्यांकन गर्ने कार्यमा आवश्यक सहयोग र सहकार्य गर्नेछ ।

१०. केन्द्रले नवीकरणीय ऊर्जा सम्बन्धी प्रदेश सरकारको कार्यक्रम प्रभावकारी बनाउन आवश्यक सहयोग गर्नेछ ।

११. केन्द्रले सो क्षेत्रमा आवश्यक र उपयुक्त नवीकरणीय ऊर्जाका प्रविधिहरु (लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायोग्यास, जैविक ऊर्जा, वायुऊर्जा आदि) र सो क्षेत्रको पहिचान, संभाव्यता अध्ययन, विस्तृत डिजाईन, कार्यान्वियन र सोसंग सम्बन्धित परामर्श सेवा खरीद कार्यका लागि आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

१२. केन्द्रले प्रदेश सरकारद्धारा संचालित नवीकरणीय ऊर्जा कार्यक्रम कार्यान्वयनका लागि आपसी समझदारीमा आवश्यक पर्ने जनशक्ति सहितको प्राविधिक सहयोग उपलब्ध गराउनेछ, साथै पहिचान भएका क्षेत्रमा केन्द्र र प्रदेश सरकारले संयुक्त रुपमा संचालन गर्ने नवीकरणीय ऊर्जाका प्रविधि जडान गर्नको लागि नेपाल सरकारको नवीकरणीय ऊर्जा नीति, बजेट र कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउनेछ ।

१३. केन्द्रले प्रदेश सरकारसंगको सहकार्यमा नमुना आयोजनाहरु कार्यान्वयन गर्नेछ ।

## परिच्छेद-३
## भौतिक पूर्वाधार विकास मन्त्रालयको भूमिका

१४. मन्त्रालयले केन्द्रबाट हस्तान्त्रण भएका योजनाहरु केन्द्रसंगको समन्वयमा कार्यान्वयन गर्नेछ ।

१५. केन्द्रबाट खटाइएका प्राविधिक कर्मचारीलाई मन्त्रालयमा राखी कामकाज गर्ने व्यवस्था गर्नेछ ।

१६. प्रदेश स्तरीय ठूला प्रकृतिका आयोजनाहरु कार्यान्वयनका लागि स्रोत र साधन अभाव भएमा केन्द्रलाई अनुरोध गर्नेछ ।

१७. नवीकरणीय उर्जासंग सम्बन्धित कार्यमा आवश्यक भएमा केन्द्रको सहयोग लिनेछ ।

१८. गण्डकी प्रदेशको ५ बर्षे नवीकरणीय उर्जा योजना तयार गर्नेछ ।

१९ .नवीकरणीय उर्जासंग सम्बन्धित तथ्याङ्कको व्यवस्थापन गर्नेछ ।

२०. नवीकरणीय उर्जा संग सम्बन्धित वार्षिक कार्यक्रम बनाइ कार्यान्वयन गर्नेछ ।

प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल



सचिव

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

२१. स्थानीय तहमा कार्यान्वयन हुने नवीकरणीय उर्जा सम्बन्धी कार्यमा मन्त्रालयले समन्वय र सहजीकरण गर्नेछ ।

२२. मन्त्रालयले नवीकरणीय ऊर्जा सम्वन्धी आवश्यक नीति तथा योजना तर्जुमा गर्नेछ ।

## परिच्छेद-४
## विविध

२३. पक्षहरु स्रोत परिचालन, लघु उद्यम विकासका लागि ऊर्जाको उपयोग र आयआर्जन सम्वन्धी गतिविधि गर्न संयुक्त रुपमा साझा स्वीकार्य कार्यविधि बनाउन सहमत छन् ।

२४. यो समझदारी पत्रको कार्यान्वयनको लागि पक्षहरु पुर्ण रुपमा जिम्मेवार हुनेछन् । साथै सम्झौतामा उल्लेखित कार्यहरु कार्यान्वयनका लागि नियमित रुपमा छलफल र अन्तर्क्रिया गर्नेछन् ।

२५. यो समझदारी पत्रको आधारमा कुनै परियोजना/आयोजना अथवा कुनै भविष्यमा गरिने कार्य तय गर्दा पक्षहरु बीच पूर्व सहमतिमा गरिनेछ ।

२६. पक्षहरुको हस्ताक्षर भएपछि मात्र यो समझदारी पत्र कार्यान्वयनमा आउनेछ र यो सम्झौताको अवधि ५ वर्षको लागि हुनेछ ।

२७. यो समझदारी पत्रमा संशोधन, विस्तार तथा परिर्वतन गर्नु परेमा पक्षहरुको लिखित सहमतिमा मात्र गरिनेछ ।

२८. पक्षहरुले माथि उल्लेखित विवरणका प्रावधानमा सहमत भई गण्डकी प्रदेश सरकारका माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेत ज्यूको समुपस्थितीमा सक्कल पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

| **वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको तर्फवाट** | **भौतिक पूर्वाधार विकास मन्त्रालयको तर्फवाट** |
| --- | --- |
| हस्ताक्षर<br>१०.९.२०७८ | हस्ताक्षर<br>२०७८/०९/१०<br>सचिव |
| नाम: मधुसुधन अधिकारी | नाम: ई.ईश्वर चन्द्र मरहट्टा |
| पद: कार्यकारी निर्देशक | पद: सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय, |
| मिति: | मिति: |

साक्षी

...................................

नाम:

पद:

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

...................................

नाम: हरिदत्त पौडेल

पद: महाशाखा प्रमुख

भौतिक पुर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश